Janakhoji samachar Janakhojinews JanakhojiTV

WWW.Janakhoji.com

# जनखोजी
साप्ताहिक

साझा विचार ताजा समाचार
तपाइको गाउँ, ठाउँमा कुनै सुचना, जानकारी, बिज्ञापन दिनु परेमा हामीलाई खबर गर्नुहोस् ।

जनखोजी
कार्यालय: प्युठान न.पा.-४, प्युठान
फोन : ९८५७८३६०२७, ९८४७८२१२२१,
E-mail: janakhoji.news@gmail.com
www. Janakhoji.com

वर्ष-२, अंक १ | २०७९ साल साउन २ गते सोमबार | (Janakhoji Weekly) July 18, 2022 | पृष्ठ-८ | मूल्य रु. - २०/-

# प्युठानका दुई पालिका बने देशकै उत्कृष्ट







| स्थानीय तह | बेरुजु प्रतिशतमा |
| --- | --- |
| प्युठान नगरपालिका | ०/०८ |
| स्वर्गद्धारी नगरपालिका | २/४६ |
| ऐरावती गाउँपालिका | २/१८ |
| गौमुखी गाउँपालिका | ०/१४ |
| झिमरुक गाउँपालिका | ०/१३ |
| नौबहिनी गाउँपालिका | ०/०३ |
| मल्लरानी गाउँपालिका | ० |
| माण्डवी गाउँपालिका | ०/२० |
| सरुमारानी गाउँपालिका | ० |

**शशिधर भण्डारी**

**प्यूठान,** प्युठानका दुई पालिकामा आर्थिक वर्ष २०७७।०७८ को बेरुजु शुन्य प्रतिशत देखिएको छ । महालेखा परीक्षकको ५९ औं वार्षिक प्रतिवेदन अनुसार गत आर्थिक वर्षमा प्युठानका दुई पालिकाको बेरुजु शुन्य प्रतिशतमा झरेको पाइएको हो । देशका ७ सय ५३ स्थानीय तहमध्ये प्युठान जिल्लाको दुई स्थानिय तह शुन्य बेरुजु हुने गाउंपालिकामा परेको प्रतिवेदनमा उल्लेख छ ।

**विधिसम्वत् कार्यसम्पादन गर्दा वेरुजु शुन्य**

गाउँकार्य पालिकाको कार्यालयबाट गर्ने कार्य सम्पादनहरु विधिवत ढंगले गर्दा वेरुजु शुन्य भएको मल्लरानी गाउँपालिकाका प्रमुख प्रशासकीय बालकृष्ण थापाले अनुभव सुनाए । सार्वजनिक खरिद ऐन, नियमावली तथा कार्यविधिहरुको सहि कार्यान्वयन गर्न प्रयास गर्दा वेरुजु शुन्य भएको परिणाम आएको थापाको भनाइ छ ।

सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिन्तामणी रेग्मीले देशभर मै शून्य बेरुजु गर्न सफल भएकोमा खुशी ब्यक्त गरे । जागिरे जीवनको यो महत्वपुर्ण उपलब्धीको रुपमा लिएको बताए ।

**कसरी झर्‍यो शुन्यमा ?**

पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुले सबै कर्मचारीको सहयोग र जनप्रतिनिधिको कुशल समन्वयका कारण बेरुजु शुन्यमा झार्न सफल भएको सुनाए । प्रतिबेदन अनुसार प्युठानका अन्य सात पालिकाको बेरुजु ३ प्रतिशत भन्दा कम छ । महालेखापरीक्षकको कार्यालयको अन्तिम लेखा परीक्षणमा चार प्रतिशतभन्दा कम बेरुजु हुने स्थानीय तहलाई आर्थिक अनुशासन र वित्तीय सुशसन राम्रो भएको मानिन्छ ।

**कुन पालिकामा कति वेरुजु ?**

मल्लरानी गाउँपालिका र सरुमारानी गाउँपालिकामा वेरुजु रकम नभएको प्रतिवेदनमा उल्लेख छ । प्युठानमा सबै भन्दा बढी स्वर्गद्धारी नगरपालिका २ दशमलव ४६ प्रतिशत वेरुजु देखिएको छ । स्वर्गद्धारी नगरपालिका पछि वेरुजु हुने प्युठानको स्थानीय तह ऐरावती गाउँपालिका देखिएको छ । ऐरावती गाउँपालिकामा २ दशमलव १८, माण्डवी गाउँपालिका ० दशमलव २०, गौमुखी गाउँपालिकामा ० दशमलव १४, झिमरुक गाउँपालिकामा ० दशमलव १३, प्युठान नगरपालिकामा ० दशमलव ०८ र नौबहिनी गाउँपालिकामा ० दशमलव ०३ प्रतिशत वेरुजु रहेको देखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

# प्युठानमा ५५ करार कर्मचारीको पुनः करार नहुने

**जनखोजी संवाददाता**

**प्युठान,** माण्डवी र स्वर्गद्धारी नगरपालिकाका ५५ कर्मचारी करार अवधि थप नगर्ने भएको छ । पालिका प्रमुखहरुका अनुसार केहीको मुल्याङ्कन र केहीको आयस्रोत अभावका कारण करार कर्मचारीको कटौती गरेको बताएका छन् । माण्डबी गाउँपालिकाले २१ जना करार कर्मचारीलाई हटाउने भएको छ । माण्डबी गाउपालिकाको असार ३० गते बसेको बैठकले पालिकाको बिभिन्न शाखामा कार्यरत तथा स्वास्थ्य चौकी तथा स्वास्थ्य इकाइमा कार्यरत करार कर्मचारीलाई श्रावण एक गते देखि करार सम्झौता थप नहुने माण्डबी गाउपालिकाले जनाएको छ ।

हटाइएका कर्मचारीमा कार्यालयसहयोगी,कम्प्यूटरअपरेटर,कृषि प्राबिधिक,एम्बुलेन्स चालक, अन्य चालक सहचालक,नर्सरी हेरालु,अहेब अनमी तथा स्टाप नर्स रहेका छन् ।

त्यसैगरी स्वर्गद्धारी नगरपालिकामा रहेका ३४ जना करार कर्मचारीलाई हटाइएको छ । स्वर्गद्धारी नगरपालिकाको असार ३२ गते बसेको सातौ नगरकार्यपालिकाको बैठकले सो कुराको निर्णय गरेको छ । स्वर्गद्धारी नगरपालिकामा करारमा नियुक्त भई पालिकाको बिभिन्न शाखा,स्वास्थ्य चौकी ,सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत कर्मचारीहरुको श्रावण १ गतेदेखि लागु हुने गरि करार सम्झौता नविकरण नगरिने नगरपालिकाका प्रमुख टेक प्रसाद भण्डारीले बताएका छन ।

हटाइएका कर्मचारीमा अधिकासं स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीमा काम गर्ने कर्मचारी रहेका छन । त्यसका साथै कार्यालय सहयोगी, चालक , सामाजिक परिचालक लगायत रहेका छन् ।






## सम्पादकीय

### बेरुजु शून्य किन भएन ?

सरकार हाँक्ने राजनीतिक दल र कर्मचारीमा वित्तीय अनुशासन नहुँदा बेरुजुको ग्राफ पाँच वर्षमै दोब्बर भएको छ । सरकार आफैंले बनाएका ऐननियम विपरीत बजेट खर्च गर्ने तर महालेखा परीक्षकको कार्यालयले औंल्याएको बेरुजु फर्स्योटमा लापरबाही गर्ने प्रवृत्तिले वार्षिक रूपमा बेरुजुको आँकडा बढ्दै गएको नकार्न सकिदैन ।

महालेखाका अनुसार पछिल्ला पाँच वर्षमा बेरुजु रकम दोब्बरभन्दा धेरैले बढेको छ। आर्थिक वर्ष २०७३/७४ मा मुलुकको कुल बेरुजु २ खर्ब २१ अर्ब रूपैयाँ मात्र थियो। पछिल्लो प्रतिवेदन २०७७/७८ मा आउँदा बेरुजु ८ खर्ब ८३ अर्ब रूपैयाँ पुगेको छ । बेरुजु र बक्यौतालाई जोड्ने हो भने यस्तो रकम ८ खर्ब २९ अर्ब रूपैयाँ पुगेको छ । मुलुकका तीनै तहका सरकारी निकायले वार्षिक रूपमा फर्स्छ्योट गर्नेभन्दा उठाउने बेरुजु धेरै भएकाले प्रत्येक वर्ष रकम थपिँदै प्रतिवेदनमा उल्लेख छ । गत आवको प्रतिवेदनले तीनै तह, समिति र संस्थामा १ खर्ब १५ अर्ब ५ करोड रुपैयाँ बेरुजु फेला पारेको छ। तर यी सबै कार्यालयले गत वर्ष बेरुजुको आधाभन्दा पनि कम ५० अर्ब २७ करोड रुपैयाँ मात्र फर्स्योट गरेका छन्। यो वर्ष मात्र होइन, पछिल्ला पाँच वर्षको तथ्यांक हेर्दा अवस्था लगभग यस्तै छ।

आव २०७३/७४ सम्ममा कुल बेरुजु २ खर्ब २१ अर्ब रुपैयाँ मात्र थियो। त्यस वर्ष सरकारी कार्यालयहरूले ५२ अर्ब रुपैयाँ मात्र बेरुजु फर्स्योट गरेका थिए। जबकि त्यही वर्ष १ खर्ब २० अर्ब रुपैयाँ नयाँ बेरुजु थपिएको थियो। त्यसपछिको वर्षमा बेरुजुको झनै बेथिति देखिएको छ । आव २०७४/७५ मा ५४ अर्ब रुपैयाँ पुरानो बेरुजु फर्स्योट गरेका सरकारी कार्यालयहरूले त्यसको झन्डै तीन गुणा बढाएर १ खर्ब ४१ अर्ब रुपैयाँ नयाँ बेरुजु थप्ने काम गरे ।

यो क्रम त्यसपछिका वर्षहरूमा पनि रोकिएन। आव २०७५/७६ मा तीनै तहका सबै कार्यालयको गरी कुल बेरुजु १ खर्ब ३२ अर्ब रुपैयाँ देखिएको थियो। त्यही वर्ष पुरानो बेरुजु फर्स्योट भने ९२ अर्ब रुपैयाँ भएको थियो। अरू वर्षका तुलनामा अघिल्लो आर्थिक वर्ष २०७६/७७ को तस्बिर भने केही भिन्न देखिएको छ । त्यस आवमा तीनै तहका सरकारी कार्यालयले १ खर्ब ३ अर्ब रुपैयाँ बेरुजु फर्स्योट गरेका थिए । त्यो वर्ष नयाँ बेरुजु पनि १ खर्ब ४ अर्ब रूपैयाँ मात्र निस्किएको छ ।

प्यूठानका सरुमारानी गाउँपालिका र मल्लरानी गाउँपालिकाको बेरुजु शुन्य देखिएको छ । यसले शुशासन र पादर्शिता रहेको संकेत गरेको छ । महालेखा परिक्षक कार्यालयका अनुसार स्वर्गद्धारी नगरपालिकाको बेरुजु २ करोड ६६ लाख, ऐरावती गाउँपालिकाको बेरुजु १ करोड ९५ लाख ४२ हजार, गौमुखी गाउँपालिकाको बेरुजु १४ लाख २१ हजार, झिमरुक गाउँपालिकाको बेरुजु १३ लाख ५ हजार, नौबहिनी गाउँपालिकाको बेरुजु ३ लाख ९० हजार र माण्डवी गाउँपालिकाको बेरुजु रकम १७ लाख ६९ हजार रहेको छ । बेरुजु देखिएका पालिकामा जिम्मेवारबोध गरी शुन्य बनाउने कहिले ? किन बेरुजु शुन्य हुन सकेन ? यो समिक्षाको विषय बनेको छ ।

# बजेट कार्यान्वयनको सूत्र



कृष्णहरी बास्कोटा

बजेट कार्यान्वयनको सूत्र

मुलुक संघीय शासन प्रणालीमा रुपान्तरित भएसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका ७६१ वटा सरकार गठन भएका छन् । नेपालको संबैधानिक र कानून व्यस्था अनुसार चालू आ.ब. २०७९-८० का लागि संघीय सरकारबाट गत जेठ १५ गते मुलुकको बजेट सार्वजनिक भै संसदवाट पारित पनि भइसकेको छ । यसैगरी, मुलुकभरिका ७ वटा प्रदेश सरकारले पनि आ-आफ्नो बजेट असार १ गते जारी गरेका थिए र ती बजेट पनि तत् प्रदेशसभाबाट पारित भइसकेका छन् । यस अतिरिक्त, केही अपवादलाई छोडेर सबै ७५३ वटा स्थानीय तहहरुले पनि गत असार १० भित्र स्थानीय सरकारको नीति र कार्यक्रम तथा बजेट जारी गरिसकेका छन् र तिनीहरुको बजेट पनि गाउँसभा र नगरसभाबाट पारित भइसकेको छ । यसरी, संबैधानिक र कानूनी व्यवस्थाअनुसार सबै ७६१ वटा सरकारहरुको चालू आ.ब.को बजेट कार्यान्वयनमा आईसकेको छ । यसर्थ, यस्को प्रभावकारी कार्यान्वयनका लागि केही टिप्स प्रस्तुत गर्ने ध्येयले यो आलेख तयार गरिएको छ ।

**कार्ययोजना तर्जुमा:**

सर्वप्रथम तीनै तहका सरकारले बजेट कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गर्नुपर्छ । यो 'मेट्रिक्स' ढाचामा तयार गर्नुपर्छ । जसअनुसार, पहिला, बजेट वक्तव्यको प्रत्येक बुँदालाई सूचीकृत गर्ने, यसरी प्रत्येक बुँदामा उल्लेखित बुँदाको कार्यान्वयनका लागि जिम्मेवार पदाधिकारीको पहिचान गर्ने, ती पदाधिकारीलाई सघाउनेहरुको सूची तयार गर्ने, त्यसपछि सो काम सम्पन्न हुने समयावधि किटानी गर्ने, सोको विनियोजित बजेट रकम लेख्ने, सो काम सम्पन्न भएको पुष्टि गर्ने सूचक बनाउने, सो कामको अनुगमन गर्ने पदाधिकारी वा टोलीको गठन गर्ने जस्ता कुरा उल्लेख गर्नुपर्छ । यो कार्ययोजना जति सरल र सहजढंगले तयार गरिन्छ, सोही अनुसार कार्यान्वयन पनि हुने पक्का हुन्छ ।

**अख्तियारी र साईट अफिसः**

संघीय सरकारमा अर्थ सचिवले सम्बन्धित मन्त्रालयका सचिवहरुलाई साउन १ गते खर्च गर्ने अख्तियारी दिने प्रचलन छ । यसलाई प्रदेश सरकारका अर्थ मन्त्रालयका सचिव र ७५३ वटा पालिकाका मेयर र अध्यक्षले पनि हुबहु पालना गर्नुपर्छ । खर्च गर्ने अख्तियारी दिन केही दिन कुर्ने, ढिलो गरी अख्तियारी दिने, यसमा बहस र छलफल गर्ने अधिकारलाई मेरो स्वविवेकी अधिकार हो भनी व्याख्या गर्नु चरम गैरउत्तरदायी चरित्र हुनेछ ।

यसैगरी, साउन १५ भित्रै मातहत निकाय र पदाधिकारीहरुलाई खर्च गर्ने अख्तियारी दिनुपर्छ । सोही अवधिमा आयोजना सञ्चालनका लागि साईट अफिस खोल्नु पर्छ । सो आयोजनाको आयोजना प्रमुख तोकी निजसँग कार्यसम्पादन करार गर्नुपर्छ । सो आयोजनामा काम गर्ने कर्मचारी खटाउनु पर्छ । यसपछि बल्ल कामले गति लिनेछ ।

**मासिक समीक्षा गर्नेः**

तीनै तहका सरकारले बजेट कार्यान्वयन योजना तर्जुमा गरी साउन पन्ध्रभित्रै सो अनुसार काम आरम्भ गर्न प्रारम्भिक बैठक गर्नुपर्छ । तत् पश्चात भदौं महिनादेखि एउटा निश्चित गते तोकी नियमित समीक्षा बैठक आरम्भ गर्नुपर्छ । यस्तो बैठकमा भत्ता बुझ्न आउने, खाजाको पोको झोलामा हाल्ने, बैठकमा थकाई मार्न आए झैं निदाउने, मोबाईल फोनमा झुण्डिने, बैठक छोडेर बीचमै हिड्ने जस्ता गैरअनुशासनहिनता चरित्र प्रकट गर्ने छुट प्रधानमन्त्री, मुख्यमन्त्री, मेयर, अध्यक्ष लगायत कसैले पनि हुँदैन ।

यस्तो बैठकमा जिम्मेवार मन्त्री, सचिव, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, ठेकेदार वा उपभोक्ता समूह वा टोल विकास संस्थाका पदाधिकारीहरु लगायत सरोकारवाला सबैलाई अनिवार्यरुपमा उपस्थित गराउनु पर्छ । यो बजेट कार्यान्वयनको समीक्षा बैठकमा 'पाई पाई हिसाब' गरी 'गर वा मर' को वातावरण सिर्जना गर्नुपर्छ । यर्थाथमा समीक्षा बैठक सबैले एकमहिनामा कहिले आउला भनी पर्खिनु पर्ने दिनका रुपमा परिणत हुनुपर्छ ।

**समीक्षा बैठकले के गर्नुपर्छ ?**

यो समीक्षा बैठकले बजेट अपुग भएको अवस्था भए बजेट थप गर्ने निर्णय गर्नुपर्छ । कुनै काम भइरहेको छ, तर स्रोतको अभावमा काम रोकिने अवस्था नआओस् भनेर नै समीक्षा बैठक राखिन्छ भन्ने हेक्का गर्नुपर्छ । यसैगरी, कुनै कार्यक्रम सञ्चालन गर्न रकमान्तर वा स्रोतान्तर गर्नुपर्ने अवस्था सिर्जना भएको हुनसक्छ । यस अवस्थामा यही समीक्षा बैठकले रकमान्तर र स्रोतान्तर गर्ने निर्णय गर्नुपर्छ । हाल पूँजिगत बजेट खर्च नहुनुमा उच्च पदाधिकारीहरुले सहजकर्ताको भूमिका निर्वाह गर्न नसकेको कारण नै दोषी हो भन्ने कुरा भूल्नु हुँदैन ।

यसैगरी, समीक्षा बैठकमा कुनै आयोजना कार्यान्वयन हुनै नसक्ने अवस्थामा प्रस्तुत हुन सक्छ । यस अवस्थामा सो योजना वा कार्यक्रम रद्द गरी सो कार्यक्रमको बजेट काम हुने क्षेत्रमा सारी दिनुपर्छ । यस्ता कार्यक्रममा आयोजना प्रमुख र कर्मचारीलाई सेवामुक्त गर्ने वा सरुवा गर्ने निर्णय गर्नुपर्छ । यसरी समीक्षा बैठक काम गर्नेलाई गाजर देखाउने र ठगी खान पल्केकालाई लौरो देखाउन र प्रयोग गर्न सक्ने हुनुपर्छ ।

**समन्वय र सहयोगको खोजीः**

तीनै तहको सरकारले समन्वय र सहयोगको खोजी नगर्दा बजेट कार्यान्वयन प्रभावकारी हुन सकिरहेको छैन् । यसर्थ, बजेट कार्यान्वयनमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा रोकिएको भए फुकुवाको पहल गर्ने जिम्मेवारी पदाधिकारी तोक्नु पर्छ । यसैगरी, अर्को निकायले सहयोग नगरेको भए सहयोगको पहल गर्ने पदाधिकारी पनि तोकिईनुपर्छ ।

साथै, योजना कार्यान्वयन हुने स्थानका जनताले अवरोध गरेको भए सोको समाधानको जिम्मेवारी पनि तोक्नु पर्छ । यस अतिरिक्त, फिल्डमा कर्मचारी नखटिएको भए खटिने कर्मचारीको नाम र फिल्डमा पुग्ने अधिकतम् दिन तोक्न सकिएमा मात्रै बजेट खर्च हुन्छ भन्ने हेक्का राख्नु पर्छ ।

**कागजी प्रक्रियाः**

तीनै तहका सरकारको बजेट खर्च गर्न निर्देशिका, कार्यविधि, मापदण्ड बन्नु पर्ने हुन्छ । कैयौं कार्यक्रमका लागि यी कागजी प्रक्रिया पूरा नहुँदै आर्थिक वर्ष सकिने गर्छ । यसर्थ, यस्ता कागजी प्रक्रियाका लागि साउन महिनै उपयुक्त समय हो । यसपछि कागजी प्रक्रिया पूरा गर्न थाल्दा निकै विलम्ब भइसक्छ ।

**जिम्मेवारी र डरः**

सबै तहका सरकारहरुले आफ्ना पूरै वार्षिक योजनाहरुलाई सुचिकृत गरी कार्यान्वयनका लागि सानो सानो टिम बनाएर जिम्मेवारी दिनु पर्छ । यसमा ठेक्का लागेको आयोजनाको पनि जिम्मेवारी तोकिईनु उपयुक्त हुनेछ । जसको कारण समीक्षा बैठकमा निश्चित पदाधिकारीहरु जिम्मेवारीबोधका साथ बैठकमा उपस्थित हुन सकुन् ।

यसैगरी, ठेकेदार, उपभोक्ता समूह, टोल विकास संस्था वा जिम्मेवार अन्य कुनै निकायले लापरवाही गरेको भए निश्चित दिन तोकी चेतावनी दिने र तोकिएको दिनपछि स्वतः ठेक्कापट्टा खारेज हुने निर्णय गर्नु पर्छ ।

बाँकी ६ पेजमा

बलग

# नेपालमा प्राकृतिक विपद्को अवस्था र न्यूनीकरणका उपायहरु

एस्किना थापा

विपद् व्यवस्थापन प्रकोपको लागि प्रभावकारी तयारी र प्रतिक्रिया दिने प्रक्रिया हो। यसले प्रकोपले निम्त्याउने हानिलाई कम गर्न मद्दत गर्दछ। यसले विपद् रोकथाम, तयारी र सचेतना, प्रतिक्रिया र पुनःप्राप्तिको जिम्मेवारीहरू व्यवस्थापन गर्न व्यवस्थित दृष्टिकोण पनि समावेश गर्दछ। आपतकालिन प्रबन्धकहरूले प्रकोपहरूलाई विभिन्न चरणहरूमा पुनरावर्ती घटनाहरूका रूपमा प्रस्तुत गरेका छन् स तयारी, प्रतिक्रिया, र रिकभरी।

विपद् व्यवस्थापन प्रयासहरूले प्रकोपबाट हुने सम्भावित नोक्सानीलाई कम गर्ने वा जोगाउने, विपदबाट पीडितहरूलाई तुरुन्त र उचित सहायताको आश्वासन दिने र द्रुत र प्रभावकारी रिकभरी हासिल गर्ने लक्ष्य राख्दछ। विपद्को समयमा र पछि अस्पतालहरू सुरक्षित र कार्यशील रहनु महत्त्वपूर्ण छ। विपद् प्राकृतिक र मानवीय गरी दुई प्रकारका हुन्छन्। मानिसले सबै कुरा नियन्त्रण गर्न नसक्ने भएकाले प्रकृतिका केही चीजहरू हाम्रो नियन्त्रण बाहिर छन्।

त्यसैगरी, प्राकृतिक प्रकोप आइपर्दा मानिसहरूले नियन्त्रण गर्न सक्दैनन्। यद्यपी, हामी तिनीहरूलाई रोक्न सक्छौं। अर्को शब्दमा भन्नुपर्दा, जीवन र पारिस्थितीकी प्रणालीमा बाधा पुर्‍याउने विपत्तीपूर्ण अवस्था उत्पन्न हुँदा हामीलाई जीवन बचाउन र संरक्षण गर्न आपत्कालीन उपायहरू आवश्यक हुन्छ। प्राकृतिक प्रकोप अनुमान गर्न नसकिने भएकाले जुनसुकै बेला जुनसुकै ठाउँमा पनि आउन सक्छ। विपद् व्यवस्थापनलाई राम्ररी बुझ्नका लागि, हामीले पहिले विपद्का प्रकारहरू पहिचान गर्न आवश्यक छ।

**प्रकोपका प्रकारहरू**

यसअघि आएका प्रकोपलाई हेर्दा त्यसका लागि प्रकृति मात्र जिम्मेवार हुँदैन भन्ने सहजै भन्न सकिन्छ। यिनीहरू अन्य कारणले पनि हुन्छन्। यसैले हामीले यिनीहरूलाई विभिन्न वर्गहरूमा वर्गीकृत गरेका छौं। सबैभन्दा पहिले प्राकृतिक प्रक्रियाबाट हुने प्राकृतिक प्रकोपको कुरा आउँछ। केही घातक प्राकृतिक प्रकोपहरू भूकम्प, बाढी, ज्वालामुखी विस्फोट, तूफान, र अन्य छन्।

यसबाहेक, हामीसँग मानव निर्मित प्रकोपहरू पनि छन् । यिनीहरू प्राविधिक खतराहरू वा मानिसको लापरवाहीका परिणाम हुन् । मानव निर्मित प्रकोपहरू मध्ये केही आगो, आणविक विस्फोट वा विकिरण, तेल फैलने, यातायात दुर्घटना, आतंकवादी हमला र थप समावेश छन्।

कुनै पनि देश कुनै पनि प्रकारको प्रकोपबाट अछुतो नरहेको हुनाले नेपाल पनि सोही श्रेणीमा परेको छ । वास्तवमा, नेपालको भौगोलिक स्थितिले यसलाई धेरै प्रकोप प्रवण देश बनाउँछ। प्रत्येक वर्ष, नेपालले बाढी, भूकम्प, पहिरो, खडेरी ,अधिक वर्षा जस्ता धेरै प्रकोपहरूको सामना गर्दछ। यस्ता घटनाहरू दोहोरिन नदिनका लागि हामीले विपद् व्यवस्थापन प्रविधिलाई बलियो बनाउन आवश्यक छ।

विपद् व्यवस्थापन प्रयासहरूले प्रकोपबाट हुने सम्भावित नोक्सानीलाई कम गर्ने वा जोगाउने, विपदबाट पीडितहरूलाई तुरुन्त र उचित सहायताको आश्वासन दिने र द्रुत र प्रभावकारी रिकभरी हासिल गर्ने लक्ष्य राख्दछ।

विपद् व्यवस्थापन भन्नाले विपद्को प्रभावलाई कम गर्न मद्दत गर्ने स्रोत र जिम्मेवारीको कुशल व्यवस्थापनलाई जनाउँछ। यसमा कार्यको एक सुव्यवस्थित योजना समावेश छ ताकी हामी विपदबाट हुने खतराहरूलाई न्यूनतममा कम गर्न प्रभावकारी प्रयास गर्न सक्छौं।

सबैभन्दा महत्त्वपूर्ण कुरा, हरेकले बुझ्नुपर्छ की विपद् व्यवस्थापनले खतरालाई पूर्णरूपमा हटाउँदैन तर, यसले विपद्को प्रभावलाई कम गर्छ । विपद्को उचित व्यवस्थापन गर्न सकिन्छ जब हामीले नागरिकहरूलाई आपत्कालीन अवस्थाको सामनामा गर्नु पर्ने सावधानीका उपायहरू बारे सचेत गराउँछौं। यदि सबै नागरिकले आफूलाई बचाउने आधारभूत तरिकाहरू सिक्न र सरकारले थप जवाफदेही कदम चाल्यो भने, हामी पक्कै पनि धेरै जीवन र वनस्पति बचाउन सक्छौं।

नेपालमा अधिकांश हुने विपद् भनेर पहिरो जानु, बढी आउनु, खडेरी लाग्नु, हिमपहिरो, महामारीलाई मानिन्छ। बाढी र पहिरो नेपालमा सबैभन्दा प्रमुख र दोहोरिने खतराहरू हुन्, जसले प्रायः विपद्हरू निम्त्याउँछ। यी मध्ये अधिकांश वर्षाप्रेरित घटनाहरू मनसुन मौसममा हुन्छन्। जब नेपालको कुल वार्षिक वर्षा ८० प्रतिशत हुन्छ। अत्यधिक र लगातार वर्षाले पहाडी क्षेत्रको तुलनात्मकमा कमजोर स्थलाकृतिमा ठूलो पहिरो निम्त्याउँछ। विपद् केही वर्षहरूमा गम्भीर र अनियमित भएको छ। नियमित वर्षाको ढाँचामा आएको परिवर्तनले बाढी र पहिरो जस्ता चरम मौसमी घटनाहरूलाई पनि जन्म दिन्छ।

ढलानको प्राकृतिक स्थायित्वमा गडबडीका कारण पहिरो खस्ने गर्छ। यिनीहरूले भारी वर्षाको साथ खडेरी, भूकम्प, वा ज्वालामुखी विस्फोटहरू पछ्याउन सक्छन्। जमिनमा पानी द्रुतरूपमा जम्मा हुँदा,माटो स्लाइडहरू विकसित हुन्छ र परिणामस्वरूप पानी संतृप्त चट्टान वृद्धि हुन्छ।

**गतवर्षका क्षतिहरू**

विपद्का विभिन्न घटनाले गतवर्ष नेपालमा ठूलो जनधनको क्षति गरेको थियो । गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय आपत्कालिन कार्यसञ्चालन केन्द्रका अनुसार गत वर्ष विपद्का घटनाबाट देशभर ५०७ जनाले ज्यान गुमाएका थिए ।

०७८ वैशाख १ गतदेखि चैत ३० गतेसम्मको अवधिमा देशभर भएका ३ हजार ९०८ वटा विपद्का घटनामा उनीहरुले ज्यान गुमाएका हुन्। पहिरो, बाढी, भारी वर्षा, चट्याङ, सर्पको टोकाई, आगलागी, हावाहुरी, जनावरको आक्रमण, महामारी (कोरोना वाहेक), हिउँहुरी, हिउँ पहिरो, लेक लागेर, डुंगा दुर्घटना जस्ता विपद्का घटनामा उनीहरुको ज्यान गएको थियो।

गतवर्ष ७७ जना बेपत्ता र १ हजार ७८१ जना घाइते भएको केन्द्रले जनाएको छ। विपद्का घटनाबाट गतवर्ष ६ हजार १४४ परिवार प्रभावित भएका थिए । केन्द्रका अनुसार २०७८ सालमा विपद्का घटनाले देशभर २ अर्ब ६१ करोड २८ लाख ६७ हजार ५७४ रुपैयाँ बराबरको आर्थिक क्षति गरेको थियो ।

» *बाँकी ६ पृष्ठमा*

संघीयता

# संघीयतामा विकासका नौ सूत्र

सोमलाल सुवेदी

**सुशासनका अनिवार्य तत्वलाई तीनै तहमा कसरी प्रभावकारी बनाउने र सुदृढ बनाउँदै जाने भन्ने नीति र प्रक्रिया स्पष्ट हुन सकेको छैन।**

राजनीतिक संक्रमणको निष्टरा नेपालको संविधानले गरेको मान्न सकिन्छ। यो संविधानअन्तर्गत हाल राज्य संघीय शासन प्रणालीमा रूपान्तरण भइसकेको छ। २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानले राज्य शक्तिलाई संघ, प्रदेश र स्थानीय तहमा विभाजन गरेको छ। वित्तीय संघीयतालाई पनि संघीयताको अभिन्न अंगका रूपमा संविधानमा समाहित गरिएको छ। लोकतान्त्रिक अभ्यासस्वरूप संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले सरकार हाँकेका छन्। निर्वाचन घोषणापत्रमा दलहरूले विकास र समृद्धिका सपना विभिन्न भाषा, ढाँचा र व्याख्यामा बाँडेका छन्। दिगो शान्ति, सुशासन, विकास र समृद्धिको उद्देश्य संविधानले नै लिएको छ। यी महत्त्वपूर्ण चारै उद्देश्य पूरा गर्न विकास नै सर्वाधिक महत्त्वपूर्ण कडी हो भन्ने तथ्य हाम्रो विकासको अवस्था र मागले पुष्टि गर्छ ।

विकासको खाँचो छ। विकास गर्नुपर्छ। यसैमा समृद्धिको साँचो छ भन्ने यत्रतत्र सुनिन्छ। विकासका विभिन्न आयाम छन्। तरिका र ढाँचा छन्। प्रविधिले यसमा दिनानुदिन परिवर्तन भएको छ। विकासलाई कसरी स्थानीयकरण गर्ने र कुनै तरिकाले संघ, प्रदेश र स्थानीय तहमा संस्थागत गर्ने भन्ने चुनौती हाम्रो राज्य सञ्चालन प्रणालीमा छ। दिगो विकास, गरिबी न्यूनीकरण, आधारभूत, गुणस्तरीय र प्रतिस्पर्धी सेवा, विकासका पूर्वाधार एवं समावेशी विकासलाई जनचाहना, आवश्यकता, सम्भाव्यता, क्षमता र स्रोतको संयोजनका आधारमा विकासलाई संस्थागत गर्नु जरुरी छ। भाषण, आश्वासन, प्रचारबाजी र कागजी विकासबाट वास्तविक विकास हुन नसकेको अतीतलाई मनन गरी संघीयतामा विकासलाई अघि बढाउने महत्त्वपूर्ण पक्षमा प्रकाश पार्नु यस लेखनको अभिप्राय हो ।

नेपालको विकासको पहिलो आधारस्तम्भ कार्यजिम्मेवारी र सक्षम नेतृत्वले स्रोतको सीमितता हुन्छ सिर्जनशीलता असीमित हुन्छ भन्ने उक्तिलाई चरितार्थ गरेका धेरै देशमा उदाहरण छन्। संविधानले तीन तहमा एकल र साझा जिम्मेवारी तोकेको छ। कुन तहले कस्तो योजना तथा विकासका काम गर्ने वर्गीकरण स्पष्ट हुन सकेको छैन। फलतः पैसाले आयोजना खोज्दै हिँडेको अवस्था छ। कार्य जिम्मेवारी किटान संघीयताको जग हो। यसका आधारमा बाँकी विषय निर्धारण हुँदै जाने हो। कार्य जिम्मेवारी किटान भइसक्दा, संविधान कार्यान्वयनको पाँचौं वर्षमा प्रवेश गर्दा पनि समन्वय र सहकार्यमा स्पष्टता आउन सकेको छैन। यसले गर्दा कतै दोहोरो-तेहेरो काम हुने कतै एकोहोरो काम पनि नभएको स्थिति छ। संघीय सरकारले कानुन बनाउँदा र अधिकार प्रयोग गर्दा अधिकार निक्षेपणद्वारा संविधानले नै विकेन्द्रीकरण गरेका अधिकारलाई केन्द्रीकृत गरेको, गर्न खोजेको आरोप प्रदेश र स्थानीय तहले लगाएका छन्। मूलतः शिक्षा, स्वास्थ्य, वन वातावरण, भूमि व्यवस्थापन र आयोजना कार्यान्वयन क्षेत्रमा यस्तो व्यवहार भएको विज्ञहरू बताउँछन्।

अधिकार पाएपछि अधिकारको प्रयोग गर्ने-गराउने नेतृत्वको भूमिका विकासको मुख्य कर्म हुन्छ। राजनीतिक दलमा पुस्ता हस्तान्तरण हुन नसक्दा प्रायः जेठो पुस्ताले नै वडा तहदेखि नै नेतृत्व गर्न पुगेको छ। राजनीतिमा संरक्षक, पदप्रदर्शक भई वि श्राम गर्नुपर्नेले परि श्रम गर्ने र परिश्रम गर्न सक्नेले वि श्राम गर्नुपर्ने बाध्यात्मक स्थिति छ भन्ने युवा पुस्ताका राजनीतिकर्मीको रोदन रहेको पाइन्छ। कतिपय युवाले भन्ने गर्छन्, ‘भत्ता खाने उमेर नभई सत्तामा जान नपाइने रहेछ।’ तसर्थ संघीयतामा विकास अघि बढाउन सरकारमा सबै तहमा सक्षम, सबल, इमानदार र सिक्ने प्रवृत्ति भएको नेतृत्व भएमा मात्र विकास अघि बढी छिटो प्रतिफल आउन सक्छ। यसैगरी युवा नेतृत्व भएमा भविष्यसम्म राजनीतिक हैसियत र वृत्ति बढाउन प्रतिस्पर्धात्मक, जवाफदेही र सुशासनमुखी कार्यशैलीलाई बढावा दिने अपेक्षा राख्न सकिन्छ ।

विकासको दोस्रो सूत्र वित्तीय व्यवस्थापन हो। वित्तीय स्रोत र कार्यजिम्मेवारीको तालमेल हुनु संघीयता निर्माणको पूर्वसर्त नै हो। विकासलाई जमिन र जनशक्तिका अतिरिक्त पुँजी आवश्यक पर्छ। नेपालजस्ता देशले पुँजीको कमी व्यवस्थापन गर्न स्वदेशी स्रोत परिचालनका साथै वैदेशिक स्रोत जुटाउनुपर्ने बाध्यता रहन्छ। नेपालका विकास आयोजना कार्यान्वयन गर्न-गराउन आवश्यक वित्तीय स्रोतको दक्षता र जवाफदेही ढंगले परिचालन गर्न सक्नुपर्छ।

विकासका लागि अपरिहार्य तेस्रो तत्व संगठन र जनशक्ति व्यवस्थापन हो। राजनीतिक संघीयता प्रचुर मात्रामा भए पनि वित्तीय र प्रशासनिक संघीयताले राजनीतिक द्रुतगति भेट्न सकेको देखिँदैन। संघीय सरकारले बोझिलो संगठन कायमै राखेकाले प्रदेश र स्थानीय तहको संगठन संरचना तदर्थ ढंगले बढेको प्रतीत हुन्छ।

एकजना प्रदेशका सचिवका अनुसार एकचौथाइ प्राविधिक जनशक्तिका पद रिक्त छन्। अहिले संघले प्रशासनका सबै तहका दरबन्दी बढाई लोकसेवा आयोगले विज्ञापन गर्दै गरेको छ तर तल्ला तहमा सेवा प्रवाह र विकासका लागि प्राविधिक जनशक्ति व्यवस्थापनमा ध्यान पुगेको देखिँदैन। सबै तहमा संगठनको भीड बढ्दै जाने, समन्वय र सहकार्यका समस्याका चपेटामा पर्ने खतराका संकेतहरू देखिएका छन्। जनशक्ति समायोजनको भौतिक समयोजन तामझामका साथ

» *बाँकी ७ पृष्ठमा*

## मल्लरानी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**मल्लरानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**खलंगा, प्युठान**

## नौबहिनी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**नौबहिनी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बहाने, प्युठान**

## गौमुखी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**गौमुखी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लिवाङ, प्युठान**

## माण्डवी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर, प्युठान**

## गढवा गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।

**गढवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउखुरी दाङ**

## राप्ती गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**राप्ती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउखुरी दाङ**

## सडक डिभिजन कार्यालय जस्पुर प्युठानको सुचना

१) सडक अतिक्रमण नगरौं, जिम्मेवार नागरिक बनौं ।

२) सडक अतिक्रमण गरी बनाइएका घर टहरा तथा संरचना तत्काल हटाऔं ।

३) सडकमा फोहोर नगरौं, निर्माण सम्बन्धी राखीएका सामग्रि यथाशिघ्र हटाऔं ।

४) सडक क्षेत्रमा खाल्डो नखनौं, बिग्रिय मर्मत संभार गरौं, कार्यालयलाई खवर गरौं ।

५) सडक आसपास क्षेत्रमा ढुङ्गा, बालुवा, गिट्टी, ननिकालौं ।

६) सडक क्षेत्रमा डम्पिङ नगरौं, घर बनाउँदा सडक कार्यालयले तोकेको दुरी कायम गरी निर्माण गरौं ।

७) सडक तोडफोड गरे वा बिगारेमा सडक ऐन अनुसार कारवाही हुनेछ ।

***विस्तृत जानकारीका लागि सडक डिभिजन कार्यालय जस्पुरमा सम्पर्क गरौं ।***

**अनुरोधक :**
**सडक डिभिजन कार्यालय**
**जस्पुर, प्युठान**

## झिमरुक गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**झिमरुक गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भ्यागुते, प्युठान**

# सरुमारानीको सरस्वती मा.बि बन्यो जिल्लामा उत्कृष्ट बिद्यालय

**जनखोजी संवाददाता**
*प्युठान*

प्युठानको सरुमारानी गाउपालिकामा रहेको सरस्वती मा बि प्यूठान जिल्लामा उत्कृष्ट बिद्यालय बनेको छ । सामाजिक डिभिजन बिकास कार्यालय प्यूठानले मङ्गलबार गरेको सम्मान कार्यक्रममा प्यूठानबाट बाङ्गेशालमा रहेको सरस्वती माबि उत्कृष्ठ बिद्यालयमा छनोट भएको छ । बिद्यालयले नगद रु २ लाख सहित प्रमाणपत्र प्राप्त गरेको छ ।

मङ्गलबार प्यूठान तथा रोल्पा जिल्लाका उत्कृष्ठ बिद्यालय तथा शिक्षकलाई सम्मान गरिएको सामाजिक डिभिजन कार्यालय प्युठानका प्रमुख बिष्णु प्रसाद भुषालले बताएका छन ।

कार्यालय प्रमुख भुषालका अनुसार प्यूठान जिल्लाबाट उत्कृष्ठ बिद्यालयको रुपमा सरुमारानी गाउपालिका बाङ्गेशालमा रहेको सरस्वती मा बि छनोटमा परेको थियो । त्यस्तै प्यूठानबाट उत्कृष्ठ शिक्षकको रुपमा ९ जना , उत्कृष्ठ कर्मचारीको रुपमा ७ जना र बाल बिकास सहकार्यकर्ताको रुपमा ८ जनालाई सम्मान गरिएको छ ।

त्यसैगरि रोल्पामा उत्कृष्ठ बिद्यालयको रुपमा घोडागाउको रामेश्वर मा बि लाई उत्कृष्ठ बिद्यालयको रुपमा सम्मानित गरिने छ । त्यस्तै ६ जना उत्कृष्ठ शिक्षक ,६ जना कर्मचारी र ६ जना बाल बिकास सहजकर्तालाई सम्मान गरिएको हो । उत्कृष्ठ बिद्यालयलाई रु २ लाख नगद सहित सम्मान गरिने छ भने शिक्षक कर्मचारीलाई नगद रु १५ हजार सहित सम्मान गरिएको छ ।





## प्युठान नगरपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**प्युठान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिजुवार, प्युठान**

## सरुमारानी गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**सरुमारानी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वडडाडा, प्युठान**

## स्वर्गद्वारी नगरपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**स्वर्गद्वारी नगपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भिंगृ, प्युठान**

## ऐरावती गाउँपालिकाको अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवं बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सार्वजनिक स्थल, नदी एवं खोला नालाहरूलाई फोहोर तथा ढल विसर्जन स्थल नबनाऔं ।
- घरको नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।
- सडक अवरोध हुने गरी निर्माण सामग्री नराखौं, सडक सफा राखौं ।
- आफ्ना चौपाया छाडा नछाडौं, दुर्घटना न्यूनीकरणमा सहकार्य गरौं ।
- करहरू समयमै बुझाई विकास निर्माणमा सहभागी बनौं ।
- रूख रोपौं वातावरण संरक्षण गरौं, हरियाली बढाऔं ।
- आफ्नो घर तथा पसलबाट निष्काशित फोहोरहरू तोकेको स्थानमा राख्ने गरौं, फोहोरको प्रकृति छुट्याएर विसर्जन गरौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- प्लाष्टिकका झोलाको प्रयोगलाई निरूत्साहित गरौं, वातावरण संरक्षणमा जुटौं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने लिष्टमा छ छैन प्रत्येक-साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं ।

**ऐरावती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बरौला, प्युठान**

**नेपालमा ....**

सबैभन्दा ठूलो मानवीय क्षति पहिरोका कारण भएको थियो। पहिरोमा परी गतवर्ष १८२ जनाको मृत्यु भएको थियो। गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय जोखिम

न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार २०७८ सालमा आगलागीमा परी ९४, चट्याङ लागेर ५६, बाढीमा परी ६३, जनावरको आक्रमणमा परी ४८, भारी वर्षाका कारण २२, सर्पको टोकाइबाट २१, हावाहुरीबाट ३, महामारीबाट ४, हिउँ हुरीबाट ४, लेक लागेर ३, हिउँ पहिरोबाट २, डुंगा दुर्घटनामा परी ३ जनाको मृत्यु भएको थियो ।

गतवर्ष विपद्का घटनामध्ये सबैभन्दा ठूलो आर्थिक क्षति आगलागीबाट भएको देखिएको थियो। आगलागीले २०७८ सालमा २ अर्ब २६ करोड ८७ लाख ६५ हजार १२४ रुपैयाँ बराबरको आर्थिक क्षति गरेको प्राधिकरणले जनाएको थियो। प्राधिकरणका अनुसार गतवर्ष भारी वर्षाले १२ करोड ९० लाख ४४ हजार १२० रुपैयाँ, बाढीले ११ करोड ५३ लाख ९१ हजार ५ सय रुपैयाँ र पहिरोले ३ करोड ४६ लाख रुपैयाँको आर्थिक क्षति गरेको थियो ।

**न्यूनीकरणका उपायहरु**

वृक्षारोपणलाई बढावा दिनुपर्छ र घरपालुवा जनावरहरूलाई सघन चरनबाट जोगाउनु पर्छ। सडक र बाँध निर्माणलाई नाजुक क्षेत्रमा मात्र सिमित गरिनुपर्छ । पहिरोको कारणबारे जनता सचेत हुनुपर्छ । पहाडमा टेरेस खेतीले पहिरोको दरलाई सुस्त बनाउँछ। नेपालमा पहिरो नियन्त्रण गर्ने कुनै चासोको नीति तथा कार्यक्रम छैन । त्यसैले यो अध्ययन विभिन्न रोकथाम प्रविधिमा केन्द्रित छ। त्यस्ता प्रविधिहरूमा ढलान अवस्था, टोपोग्राफी अनुसार बायो(इन्जिनियरिङ समावेश छ। अर्को प्रविधि ढलान कोण कायम राख्न ढलान ट्रिमिङ हुन सक्छ। चेतावनी प्रणालीहरू सेटअप गरिनुपर्छ, ताकी मानिसहरूले आफूलाई बचाउन पर्याप्त समय पाउँछन् । थप रूपमा, बाढीको सम्भावना बढी हुने क्षेत्रहरूमा बाढीको स्तरभन्दा अग्लो भवनहरू हुनुपर्छ। साथै, वर्षाको कारण अत्याधिक पानी भण्डारण गर्न सक्षम प्रणाली हुनुपर्छ। घर बनाउँदा पनि विपद्लाई हुने गरि बनाउनु पर्दछ। घर बनाउँदा भूमिको जाँच गरेर मात्र घर बनाउने गरेमा घर सुरक्षित हुन्छ। पानीको मात्रा धेरै भएको ठाउँमा बसोवास गर्नु हुँदैन । नेपाल विगत लामो समयदेखि धेरै प्राकृतिक र मानवीय प्रकोपबाट गुज्रिरहेको हुनाले यसबाट धेरैको जीवन, जीविकोपार्जनमा नोक्सान भइरहेको छ। मानिसहरूले खेती गर्न प्रयोग गर्ने जमिनको वरिपरि घर बनाउनु पर्ने हुन्छ र धेरैजसो खेती नदीको छेउमा हुने भएकाले धेरैजसो बाढी आउने गरेको छ। मानिसहरु घर बनाउँदा अनुसन्धान नगरि बनाउँछन् । त्यसैले उनीहरु पछि पछुताउनु पर्छ । नेपालको भौगोलिक अवस्थाका कारण बाढी र पहिरो सहजै हुनसक्ने हुनाले ग्रामीण क्षेत्रमा जनचेतना बढाउनु पर्ने आवश्यकता छ ।

अझै पनि यसलाई नियन्त्रण गर्न सहि निर्णय भएको छैन। सरकारले बाढी गएपछि केही पैसा, लत्ताकपडा, खाना आदि बाँड्न प्रयोग गर्ने पैसा पहिले नै दिगो विकास आयोजनामा लगानी गर्यौं भने उनीहरूलाई पनि फाइदा हुन्छ। सडक क्षेत्र निर्माण गर्दा कुनै अनुसन्धान गरिंदैन, त्यसैले यो दीगो रहँदैन र पानीको बहावको कारण पनि सजिलै भत्किने सम्भावना हुन्छ। अव्यवस्थित विपद्का कारण ओसारपसार (यातायात) र व्यापारमा कठिनाइ भइरहेको छ। यसले पर्यटन क्षेत्रलाई पनि नोक्सान पुर्याइरहेको छ। तसर्थ, हामीले विपद् व्यवस्थापनलाई पहिलो प्राथमिकता दिनुपर्छ, नयाँ आधुनिक प्रविधिले पनि यस कुरामा मद्दत गर्न सक्छ ।

सचेतना, शिक्षा, तयारी, र चेतावनी प्रणालीहरूले समुदायहरूमा प्राकृतिक प्रकोपको विघटनकारी प्रभावहरूलाई कम गर्न सक्छ। तथापि, जोखिमहरूबाट वास्तविक क्षतिलाई रोक्न वा कम गर्नका लागि भूउपयोग अभ्यासहरू, र भवन संहिताहरू जस्ता न्यूनीकरण उपायहरू आवश्यक छन्।

---

**बजेट ..........**

यसका लागि योजनाको निरीक्षण र अनुगमनको काममा सरोकारवाला निकाय र लाभग्राही जनताको पनि प्रतिनिधित्व गराउनु पर्छ । यसै क्रममा नागरिक समाजलाई 'वाच डग' को भूमिकामा परिचालन गर्नुपर्छ । साथै, आमसंचार माध्यमले यसलाई समाचारको बिषय बनाएपछि काम समयमा सम्पन्न गर्न डर र दबाब पर्छ भन्ने भुल्नु हुँदैन ।

**कार्यसम्पादन करारः**

तीनै तहका सरकारले बजेट कार्यान्वयनको जिम्मेवारी वा नेतृत्वमा रहने कर्मचारी वा आयोजना प्रमुखसँग कार्य सम्पादन करार गर्नुपर्छ । यस्तो कार्यसम्पादन करार निर्माण व्यवसायी, उपभोक्ता समूह लगायतसँग पनि गर्न सकिन्छ । यस्तो कार्यसम्पादन करारमा उत्कृष्ट अंक हासिल गर्नेको सरुवा नहुने, बढुवा हुने, पुरस्कार पाउने, विदेश भ्रमणको मौका पाउने लगायतको प्रत्याभूति गर्नुपर्छ । ठीक यसको विपरित कार्यसम्पादन करारबमोजिम नतिजा हासिल गर्न नसक्ने दण्डित हुनुपर्छ ।

**सबैलाई अनवोर्ड गर्नेः**

हाल सरकारी कामप्रति जनताको कुनै चासो नै नरहेको अनुभूति हुन्छ । यसर्थ, लोकतन्त्रमा हरेक आयोजनाको काममा जनतालाई सहभागी गराउनु पर्छ । सरकारी काममा जनताको अपनत्व बढाउनु पर्छ । यसका लागि बजेट कार्यान्वयनका सबै क्रियाकलापमा सबै पक्ष, वर्ग, समूदाय लगायतलाई अनवोर्ड गर्नुपर्छ । यसका लागि तीनै तहका सरकारका जिम्मेवार पदाधिकारीहरुले बजेटमा समावेश भएका योजनाहरुलाई आपसमा जिम्मेवारी वितरण गरी सरोकारहरुको पूर्ण साथ र सहयोग हासिल गरी कार्यक्रमहरुको सतप्रतिशत कार्यान्वयनका लागि मन, बचन र कर्मले कार्यक्षेत्रमा खरोरुपमा उत्रिनु पर्छ । मूलकुरो काम गर्ने वातावरण निर्माण गर्न सके आधा युद्ध जितिएझै चालू वर्षको बजेट कार्यान्वयन हुने कुरामा सुनिश्चित र ढुक्क हुन सकिनेछ ।

**अन्तिम सन्देशः**

तीनै तहको सरकारमा रहेका राजनैतिक र प्रशासनिक पदाधिकारीहरुको सक्रियता र ईच्छा शक्तिमा चालू आ.ब.को बजेट प्रभावकारीढंगले कार्यान्वयन हुने नहुने कुरा निर्भर हुनेछ । सामान्यतः बजेट कार्यान्वयनले आम जनतामा निराशाको सट्टा आशा जगाउनु पर्छ । मूलतः बजेट कार्यान्वयन गर्दा स्रोत र साधनको दुरुपयोग हुनु हुँदैन । यसर्थ, यस चरणमा ईमान्दारिता, सदचरित्र, अठोट, निष्ठा र प्रतिबद्धता प्रकट हुनुपर्छ । सबै तहका सरकारले शासन गर्ने होईन, सहजीकरण गर्ने हो भन्ने हेक्का राख्नुपर्छ । अनुगमन र निरीक्षणको माध्यमद्धारा काम गर्ने र नगर्नेबीच फरक छुट्याउनु पर्छ । सोहीअनुरुप दण्ड र पुरस्कार गर्नुपर्छ । यिनै भावनाभित्र बजेट कार्यान्वयनको सफलता लुकेको छ ।


# बुटवल पावर कम्पनि लि.को जरुरी सूचना

## झिमरुक सौर्य विद्युत आयोजना(७ मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनकि सूचना

**(प्रकाशन मितिः २०७९/४/२)**

श्री बुटवल पावर कम्पनि लिमिटेडद्धारा लुम्बिनी प्रदेशको प्यूठान जिल्लाको प्यूठान नगरपालिका वडा नं. १ र मल्लारानी गाउँपालिका वडा नं. ५ मा निम्न बमोजिमको प्रश्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रश्तावकको नाम र ठेगाना** | **प्रश्तावको नामः** बुटवल पावर कम्पनि लिमिटेड<br>**पत्राचार गर्ने ठेगानाः** गंगा देवि मार्ग-३१३ बुद्धनगर,काठमाण्डौं<br>**सम्पर्क नम्बरः** ०१-४७८१७७६४७८०९९४, ९८५१२०१३८६<br>पो.ब.नं.: ११७५८ |
| **प्रश्तावको ब्यहोरा** | श्री बुटवल पावर कम्पनि लिमिटेड प्रश्तावक रहेको सौर्य विद्युत आयोजना, (७ मे.वा.) प्युठान जिल्लाको प्युठान नगरपालिका वडा नं. १ र मल्लरानी गाउँपालिका वडा नं. ५ मा प्रश्ताव गरिएको छ। प्रश्तावित आयोजनाको मूख्य प्राविधिक संरचनामा Monocrystalline PV Modules, Inverters Transformer, Mounting Structure, Field Segment तथा Civil Component पर्दछन् । प्रश्तावित आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची प्रतिवेदन नेपाल सरकार ऊर्जा, जलस्रोत सिंचाई मन्त्रालयबाट स्वीकृत भइसकेको छ ।<br>उक्त आयोजना कार्यान्वयन गर्नुपूर्व वातावरणीय संरक्षण नियमावली, २०७७ अन्तर्गत अनुसूची १२ नियम- ७ को उपनियम (२) बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको लागि यो सूचना प्रकाशित गरिएको छ । |
| **प्रभाव पर्न सक्ने जिल्ला /न.पा./गा.पा.** | प्यूठान नगरपालिका वडा नं. १<br>मल्लरानी गाउँपालिका वडा नं. ५ |

माथी उल्लिखित प्रश्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी एकिन गर्न सो स्थानको न.पा., गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचनाको प्रतिलिपि सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सूझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रश्तावकको नाम र ठेगाना | प्रश्तावको नामः बुटवल पावर कम्पनि लिमिटेड<br>पत्राचार गर्ने ठेगानाः गंगा देवि मार्ग-३१३ बुद्धनगर, काठमाण्डौं<br>सम्पर्क नम्बरः ०१-४७८१७७६/४७८०९९४, ९८५१२०१३८६<br>पो.ब.नं.: ११७५८ |

bpc BUTWAL POWER COMPANY LIMITED

बुटवल पावर कम्पनि लिमिटेड

साझा विचार
ताजा समाचार

अब झुलेनी मिडिया प्रा.लि.बाट www.janakhoji.com मा हेर्नुहोस जनखोजी साप्ताहिक इपेपर ।

जनखोजी
कार्यालय: प्युठान न.पा.-४, प्युठान
फोन : ९८५७८३६०२७, ९८४७८२१२२१
E-mail: janakhoji.news@gmail.com
www. Janakhoji.com

## वन ऐन २०७६, वमोजिम तोकिएको कसुरमा हुने दण्ड संजाय सम्बन्धि जानकारी

- वन फाड्ने, वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज पदार्थ उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण कार्य गर्ने काम गरे वा गराएमा पाँच वर्षसम्म कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय गरी गरी त्यसको जग्गा वन क्षेत्रमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएको मेशिनरी औजार साधन समेत जफत हुनेछ। त्यस्तो कसुर गर्दा यस पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो वापत् थप सजाय समेत हुनेछ।
- यस क्षेत्रमा आगो लगाउने वा आगलागी हुन जाने कार्य गरमा क्षति भएको विगो, असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुनेछ।
- शिकार खेल्ने, वन्यजन्तुको आखेटी पहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने कार्य गरेमा वन्यजन्तु संरक्षित प्रचलित कानुन वमोजिम हुनेछ।
- वन पैदावारमा आधारित उद्योगले प्रचलित कानुन विपरित वन पैदावार राखेमा त्यस्तो कसुरमा हुने सजायमा थप २ लाख रुपैयासम्म जरिवाना हुन सक्नेछ।
- उपभोक्ता समुहको पदाधिकारी वा सदस्यले समुहको हितको नाममा कोषको रकम हिनामिना गर्ने त्यस्तो समुहको विधान तथा कार्ययोजना विपरित कुनै कार्य गरेमा विगो भए विगो असुल गरी एक वर्षसम्म कैद वा २० हजार रुपैयासम्म जरिवाना जरिवाना वा दुवै सजाय हुन सक्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
खलंगा, प्युठान

## नसर्ने रोगहरुको जोखिम कम गर्न सधैं स्वस्थ जीवनशैली अपनाऔं

क. सूर्तिजन्य पदार्थ तथा मदिरा कहिल्यै सेवन नगरौं।
ख. शरिरको मोटोपना घटाउन नियमित व्यायाम गरौं।
ग. उचाई अनुसार शरिरको तौल कायम गरौं।
घ. चिल्लो, गुलियो, नुनिलो कम खाने गरौं।
ङ. दैनिक ५ ग्राम भन्दा कम नुनखाने गरौं।
च. मानसिक तनाव नलिऔं र रिसाउने बानी पनि नगरौं।
छ. अन्न, दाल, गेडागुडी, दूध, दही, माछा, बोसो नभएको मासु, अण्डासहितको सन्तुलित खाना र हरियो सागसब्जी, फलफूल प्रशस्त रुपमा खाने गरौं।
ज. कोल्ड ड्रिङ्क्स, गुलियो पेय पदार्थ, मिठाई, चकलेट, चाउचाउ, चिप्स जस्ता खानेकुराहरु कसभर नखाऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्युठान

संघीयता.......

सम्पन्न भए पनि मानसिक समायोजन भइनसकेको सम्बद्ध पक्षको भनाइ छ। समायोजनपछि न समायोजित कर्मचारी खुसी छन् न त प्रदेश र स्थानीय तहका जनप्रतिनिधि नै सन्तुष्ट छन्। सेवा प्रवाहको शृंखलाबद्ध अन्तरसम्बन्धभन्दा तहगत र क्षेत्रगत एकलकाँटेपना बढेको अनुभूति सेवाग्राहीको छ। विकासका लागि कार्यस्थलमा सीपयुक्त प्रतिबद्ध दक्ष प्राविधिक कर्मचारीको न्यूनता एकात्मक प्रणालीमा भन्दा सुधार हुन नसकेको उपभोक्ता समितिहरू बताउँछन्। तसर्थ विकासका लागि संगठन र जनशक्ति व्यवस्थापनलाई विशेष ध्यान दिनु परमावश्यक छ।

राजनीतिक सङ्क्रमणताका संविधान तथा संघीयता आएपछि विकास द्रुतगतिमा हुन्छ, देशमा समृद्धि आउँछ भनी धेरै फलाकिए। राज्य पुनर्संरचनापछि व्यवस्थाको परिवर्तनसँगै विकास व्यवस्थापनले फट्को मार्ने आशा गरियो। तर अपेक्षाकृत नतिजा आउन सकेन।

विकासको चौथो तथा मेरुदण्डीय सूत्र योजना पद्धति हो। नीति, कानुन र अभ्यासमा वार्षिक आवधिक र दीर्घकालीन योजनामा काम कुरा र भए पनि सरकारको तहगत योजनाहरूमा आवधिक योजनाका नेतृत्वकर्ता राष्ट्रिय योजना आयोग र प्रादेशिक योजना आयोगहरू बीच समन्वय नभएको अर्थात् प्रादेशिक योजना आयोगको सुनवाइ नभएको प्रदेश योजना आयोगकापदाधिकारीबताउँछन्। सरकारको तहगत स्वायत्तताको सीमा निर्धारण र योजनाको वर्गीकरण हुन नसक्दा योजना प्रणाली विधिसम्मत हो वा पहुँचसम्मत हो खुट्याउन नसकिने अवस्था छ। माथिल्ला तहका सरकारले तल्ला तहमा दिने सशर्त अनुदानका शर्त र कार्यविधि सकारात्मक प्रणालीकै झझल्को दिने खालको भएको प्रदेश र स्थानीय तहका पदाधिकारी बताउँछन्। त्यसैले विकासलाई प्रभावकारी बनाउन हालको योजना प्रणालीमा आमूल परिवर्तन जरुरी छ। तहगत एकीकृत योजना पद्धति आयोजनाको वर्गीकरण र पालना तथा प्राविधिक तयारीयुक्त योजना प्रणालीको टड्कारो खाँचो छ। योजनाको प्राथमिकता, सम्भाव्यता क्षमता, दिगोपना र छनोटबीच तालमेल मिल्न आवश्यक छ।

भूमि व्यवस्थापन र विकासका लागि जग्गा प्राप्ति प्रक्रिया विकासमैत्री सरल एवं सहज हुनु अर्को विषय हो। जग्गा प्राप्ति प्रक्रिया जटिल र संघको प्रतिकार्य सुस्त हुँदा प्रदेशका कार्यालय विभिन्न संस्था र विकासका लागि जग्गा प्राप्ति ठूलो टाउको दुखाइ बनेको प्रदेशको कार्यकारिणीको दुखेसो छ। हाम्रो आयोजना व्यवस्थापन, सेवा, प्रवाह र सार्वजनिक क्षेत्रको खरिद पद्धति सार्वजनिक खरिदका कानुन, क्षमतागत, प्रक्रियागत र संस्थागत समस्याले ग्रसित छ। कानुनमा जति संशोधन गरे पनि सार्वजनिक खरिद प्रक्रिया सरल, पारदर्शी, प्रतिस्पर्धी र जवाफदेही बन्न सकेको छैन। यसलाई समयसापेक्ष व्यवस्थापन गर्न नसके हाम्रो विकास प्रयासले अपेक्षित नतिजा दिन सक्दैन।

यसैगरी वातावरण संरक्षण र दिगो विकास सातौं सूत्रका रूपमा लिन सकिन्छ। वातावरण संरक्षण र जलवायु परिवर्तन अनुकूलन विश्वव्यापी जटिल समस्याका रूपमा रहेको छ। जलवायु परिवर्तनको बहुआयामिक असर र प्रभावलाई व्यवस्थापन गर्नु विकासको निरन्तर चुनौती हो। हाम्रो प्रारम्भिक वातावरणीय प्रभाव र वातावरणीय प्रभाव मूल्यांकन गर्दा यी पक्षलाई अनिवार्य विश्लेषण गर्नुपर्छ।

स्थानीय तह र प्रदेश तहले वातावरणीय मूल्यांकनको अत्यधिक अधिकार संघीय मन्त्रालय/विभागमा रहकाले विकास आयोजना तथा पूर्वाधार निर्माणमा ढिलो हुन गएको गुनासो गर्ने गरेका छन्। अर्कोतर्फ विकास दिगोभन्दा वितरणमुखी हुँदै गएको छ। अति लोकप्रियताको खोजीमा विकास र सेवा व्यवस्थापनका पदाधिकारी लाग्दा विकास व्यवस्थापन अन्योलग्रस्त हुने जोखिम बढ्ने विकासविद्हरूको अड्कल छ। विकासको आठौं सूत्रको पंक्तिमा रोजगार सिर्जना उत्पादन वृद्धि, औद्योगीकरण, उद्यमशीलताको विकास आयआर्जन र न्यायोचित वितरणलाई उल्लेख गर्न सकिन्छ। यी पक्षमा भन्दा भौतिक पूर्वाधार र डोजर नेतृत्वको विकासमा अधिकांश सरकारहरू लागेका छन्। तसर्थ विकास व्यवस्थापनका हरेक विषय क्षेत्रमा यी पक्ष समावेश गर्न अनिवार्य हुन्छ।

हाम्रो विकासको नवौं सूत्र तथा माथि उल्लिखित सबै सूत्रमा नभइनहुने तत्व सुशासन, अनुगमन र मूल्यांकन हुन्। संविधानको सुशासनलाई प्राथमिकतामा राखे पनि संघीयतापछि सुशासन तथा प्रशासन सुधारलाई प्रभावकारी बनाउन नसकिएको सुशासनविद् बताउँछन्। अनुगमन मूल्यांकन हिजोको एकात्मक प्रणालीमा प्राथमिकतामा परेको थिएन। संघीयतामा यो झनै कमजोर भएको महसुस भएको छ। नियमनकारी संघीयताको ढाँचा र कार्यविधि निर्माण भएगरेको देखिँदैन। सुशासनका अनिवार्य तत्व कानुनको शासन, अधिकार विकेन्द्रीकरण, पारदर्शिता, जवाफदेही आदिलाई तीनै तहमा कसरी प्रभावकारी बनाउने र अन्योन्याश्रित रूपमा लिई समग्रतामा सुदृढ बनाउँदै जाने हो, सोको नीति र प्रक्रिया स्पष्ट हुन सकेको छैन। सुशासन र विकासमा सबै पक्षबीच घनिष्ट सम्बन्ध हुन्छ भन्ने तथ्यलाई त्यति महत्व दिएको देखिँदैन।

विकास मानवीय आवश्यकता हो। यसको पूर्णविराम हुँदैन। निरन्तर प्रक्रिया हो। मुलुकको जनजीवनमा यसको गहिरो प्रभाव हुन्छ। यो विश्वव्यापी आयाम पनि हो। राजनीतिक सङ्क्रमणताका संविधान तथा संघीयता आएपछि विकास द्रुतगतिमा हुन्छ। देशमा समृद्धि आउँछ भनी धेरै फलाकिएको थियो। राज्य पुनर्संरचनापछि व्यवस्थाको परिवर्तनसँगै विकास व्यवस्थापनले फट्को मार्ने आशा गरिएको थियो। तर अपेक्षाकृत नतिजा आउन नसकेको हामी सबैले देखेभोगेकै हो। विकास विधिसम्मत, जनमुखी, समावेशी, दिगो र समयसापेक्ष हुनुपर्छ। यसका लागि संघ, प्रदेश र स्थानीय तहका सरकार उत्तिकै सजग, सक्षम, इमानदार र जिम्मेवार हुन अपरिहार्य छ। समग्र शासकीय प्रणालीसँगै विकास व्यवस्थापन पनि संघीयताको मर्म बमोजिम स्वायत्त, समन्वयकारी, सहयोगी वातावरणमैत्री, दिगो र नतिजामुखी हुनुका साथै पद्धतिगत हुनुपर्छ। आयोजना छनोट तदर्थ, क्षणिक हौवा र राजनीतिक तजवीज (पोलिटिकल वर्क ब्याटलिङ) का आधारमा होइन, जनचाहना, सम्भाव्यता (प्राविधिक, आर्थिक र कार्यान्वयन गर्न सकिने) र प्राथमिकताका आधारमा गरिनुपर्छ।

छड्के नजर

# गठबनधनको चुरो



संघ र प्रदेश सभाको आवाधिक निर्वाचन नजिकिँदै गएसँगै राष्ट्रिय राजनैतिक बजारमा गठबन्धनले चर्चा पाएको छ।

एकथरिले न्वारानदेखिको बल निकालेर बामपन्थी गठबन्धनको चर्चा ल्याएका छन । अर्काथिरले सत्तारुढ दलकै गठबन्धनलाई निरन्तरता दिने विषयलाई ठोस गर्न खोजेका छन।

पहिलो बामपन्थी गठबन्धन भने केही नेताहरुको लागि सार्वजनिक खपतकै विषय भएको छ । सुन्दा कर्णप्रिय लाग्ने बाम गठबन्धनको चुरो भने तिनले वृहत् व्याख्या गर्न सकेका छैनन् । केवल बाम गठबन्धन प्राविधिकरुपले सहज हुने प्रसंगमात्र थुपारेका छन् । र, विगतको अनुभवको आधारमा र वामजनमतको गणितसँग अन्तरसम्बन्धित गराएका छन्।

वाम नामधारी पार्टीहरुबीचको गठबन्धन एकमात्र उपायको रुपमा प्रस्तावित गरेका छन्। अर्काथरि सत्तारुढ गठबन्धनले भने विगतको संसद विघटनसँगै आएको राष्ट्रिय संकट टरी नसकेको अर्थमा निरन्तरता दिनु पर्नेमा धारणा राखेका छन्।

आगामी निर्वाचनमा बाम गठबन्धनको व्याख्या कुनकुन दल मिलेर हुन्छ भन्ने नै प्रस्ट छैन । कम्युनिस्टप्रतिक नामकै आधारमा बाम गठबन्धन भन्ने हो भने तिनले लिएको विगतका आचरणलाई भुसुक्कै विर्सनु पर्ने हुन्छ।

अहिलेको परिवर्तन संघीय लोकतान्त्रिक गणतन्त्रलाइ फुटेको आँखाले पनि हेर्न नसक्ने तर व्यानरमा वाम वा नाममा कम्युनिस्ट पार्टी लेख्दैमा त्यो वामपन्थी हुन सक्तैन।

विगतमा दुईदुई पटक संसद विघटन गर्ने, अहिलेको परिवर्तनलाई विल्कुलै अस्वीकार गरेर पश्चगामी कित्ताको मुद्दा सिगार्ने ओली गुटलाई बामपन्थीको नाममा गठबन्धन गर्ने हो भने त्यो प्राकृतिक हुन सक्तैन। यस्तो वाम गठबन्धनको परिणाम फेरि पनि पश्चगमनलाई मलजल गर्ने हदको हुनेछ । विगतको निर्वाचनबाटै यस्तो अप्राकृतिक गठबन्धनको अभ्यास र परिणाम भोगी सकेको हो । यसर्थ यस्तो गठबन्धन वर्तमानको परिवर्तन विरुद्ध जाने खतरा हुन्छ।

**यसर्थ वाम गठबन्धनको परिभाषा हुन जरुरी छ।**

अहिलेको वाम लोकतान्त्रिक गठबन्धनले नै परिवर्तनको रक्षा गरेको हो । यस मानेमा बाम लोकतान्त्रिक गठबन्धन नै साँचो अर्थमा वाम गठबन्धन हो। नाम वाम हुने तर काम विल्कुलै परिवर्तन विरोधी हुने कुराले वाम हुनुको अर्थ राख्दैन। तर, वाम लोकतान्त्रिक गठबन्धनको पनि परिभाषा हुनु त्यत्तिकै जरुरी छ। गएको स्थानीय निर्वाचनमा जस्तो भजमने गठबन्धन हुनु हुन्न। यो मुलुकको राष्ट्रिय राजनीतिलाइ नै प्रभावित गर्ने भएकोले साझा न्युनतम कार्यक्रमको आधारमा गठबन्धन हुनु पर्छ । राष्ट्रिय राजनैतिक मुद्धाका आधारमा गठबन्धन गरिनु पर्छ।

यस्तो गठबन्धन चुनाव अघि नै हुन पनि त्यत्तिकै जरुरी छ । केवल सिटको तालमेल गर्ने र चुनावपछि सरकार बनाउने कुरामा मात्र केन्द्रित हुनु हुन्न । देशका जल्दाबल्दा समस्यालाई यसरी हल गर्ने भनेर मुद्धासहित जानु पर्छ । यसप्रकारको मुद्धालेमात्र जनमतलाई आकर्षित गर्न सक्छ । चुनावपछि गरिने गठबन्धनले सरकार बनाउने र लडाउने खेललाई प्रोत्साहित गर्छ। यसले मौजुदा व्यवस्थालाई संस्थागत गर्ने कुनै कार्यक्रम ल्याउन सक्तैन । र, फेरि अर्को संकटलाई निम्ता दिन्छ। घरिघरि आइरहने यस्ता संकटको निदान समयमै गर्नु उचित र परिणाममुखी हुनेछ।

# जिसस प्युठानको चौथो जिल्ला सभा



**जनखोजी संवाददाता**
*प्युठान*

जिल्ला समन्वयन समिति प्युठानको चौथो जिल्ला सभा शुक्रबार समापन भएको छ । जिल्ला समन्वयन समिति प्युठानका प्रमुख धरम जिसीको अध्यक्षतसैं सुरु भएको सभामा प्रदेश साम्सद तारा जिसीको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा समग्र जिल्लाको बिकासको लागी गर्न सकिने बृहत योजनाको बारेमा छलफल भएको थियो । कार्यक्रममा जिल्लाका नौ वटै स्थानिय तहका प्रमुख उपप्रमुख , प्रमुख जिल्ला अधिकारी सुनिता नेपाल जिल्ला स्थित विषययगत कार्यालयका प्रतिनिहरुलगायथको सहभागीता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश साम्सद जिसीले समग्र जिल्लाको बिकासको लागी स्थानिय जनप्रतिनिधि,प्रदेश तथा केन्द्रिय साम्सद तथा कार्यलयका प्रतिनिधि एक भएर लाग्नुपर्ने कुरामा जोड दिएकी छन।

सभामा समन्वय समिति प्युठानका प्रमुख धरम बहादुर जि सी ले आ ब ०७९/०८० को बार्शिक कार्ययोजना प्रस्तुत गरेका थिए।

कर्ययोजनामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा समन्वय सहकार्य गर्ने, जिल्ला समन्वय समिती संचालनको लागि आवस्यक कानुन निर्माणका लागि सरकार समक्ष समन्वय गर्ने, जिल्लामा सबै तह निकाय समक्ष समन्वय, सहाकार्य गर्ने, बिकास निर्माणका काममा अनुगमन तथा सहजीकरण गर्नेलगायतका कार्यक्रम समेटिएको छ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी नेपालले पहुचको आधारमा प्रदेश र केन्द्रबाट बजेट लिनुभन्दा जिल्लाको अबस्थाको राम्रो अध्ययन गरि बिकासको गति हेरेर बजेट गर्नु आवस्यक रहेको बताएकी छन।

यसको साथै सभामा सम्बोधन गर्ने प्रतिनिधिहरुले दीर्घकालीन बिकासलाई ध्यान राखि बिकास निर्माण गर्नुपर्ने कुरामा जोड दिएका थिए।


**विषालु च्याउबाट जोगिऔं।**

-जंगली च्याउहरु विषालु पनि हुन सक्छन्,
- त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं,
- खेती गरेर उमारेका च्याउ खाने गरौं।
- जीवन सुरक्षित गरौं।
- जंगलमा बालबालिकाहरु च्याउ टिप्न जाने हुँदा महत्वपूर्ण सुझाव दिने र चेतनशील बनाउने काम गरौं।

**जनखोजी साप्ताहिक**
**प्यूठान**



जनखोजी साप्ताहिक (जि.प्र.का.द.नं. २० का लागि): सम्पादक: ठिकाराम पोखेल, अतिथि सम्पादक: महाविर राना, प्रवन्ध सम्पादक: जायश्वर जैसी, सल्लाहकार: रामकृष्ण शर्मा
कानुनी सल्लाहकार: शिवराज पण्डित(पिएचडी), प्रकाशक: शशिधर भण्डारी, प्रवन्धक: यादव पौडेल, ठेगाना: प्युठान नगरपालिका-४ जुम्री बजार प्युठान
मुद्रण: भिजन अफसेट प्रेस, email: janakhoji.news@gmail.com, web: janakhoji.com
सम्पर्क: ९८५७८३६०२७, ९८५७८३३८००, ९८४७८२१२२१, ९८४७८२०८९७